"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनकुटा

कोशीप्रदेश, नेपाल

प.सं.२०८१/०८२

मितिः २०८१/१०/१८

च.नं.

## तरकारी खेती पकेट कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयको सशर्त अनुदान तर्फ आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली/वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा तरकारी बीउ, बेर्ना, सिल्पोलिन प्लाष्टिक, रोग, किटनाशक बिषादि, कृषि औजार तथा उपकरण वितरण, स्थलगत तालिम सञ्चालन र ८५ प्रतिशत अनुदानमा साना सिचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो मर्मत/थोपा सिंचाई/प्लाष्टिक पोखरी) लगायत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार **तरकारी खेती पकेट** स्थापना गरी कार्यक्रम सञ्चालन गर्न यस आ.व. मा रु. १२ लाख बजेट प्राप्त भएकोले तरकारी खेती पकेट क्षेत्र छनौटमा परेका तपिसलका कृषक समूहहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात् मिति २०८१/१०/२४ गते भित्र धनकुटा नगर कार्यपालिकाको कार्यालय (कृषि विकास उपशाखा),धनकुटामा तोकिएको ढाँचा(अनुसूची १०) अनुसारको आयोजना प्रस्ताव दर्ता गर्नुहुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आयोजना प्रस्ताव छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। थप जानकारीका लागि ९८४२११६२५४, ९८४९३०४१०९ मा सम्पर्क राख्न हुन अनुरोध छ। साथै आयोजना प्रस्ताव फाराम कार्यालयको वेवसाइट **www.dhankutamun.gov.np/Application-letter** बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ

क्रमशः

प्रमुख प्रशासकीय अधिकृत

इमेलः info@dhankutamun.gov.np

वेवसाइटः www.dhankutamun.gov.np

तपसिल

| क्र.सं. | समूह/सहकारी/जल/वन उपभोक्ता/कृषि फर्मको नाम | ठेगाना | बाली | पकेटको क्षेत्रफल (कम्तीमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री क्रान्ति अर्धव्यावसायिक कृषक समूह | ध.न.पा. ९ | तरकारी | १४० रोपनी | |
| २. | श्री गैरीटोल कृषक समूह | ध.न.पा.१ | तरकारी | १४० रोपनी | |
| ३. | श्री तिनतले सिजाली कृषक समूह | ध.न.पा.१ | तरकारी | १४० रोपनी | |

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:**

१. अनुसूची १० बमोजिमको अनुदानका लागि आयोजना प्रस्ताव पेशको आवेदन फाराम ।

२. सम्बन्धित निकायमा कृषक समूह दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमीन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौता पत्र र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

५. कृषक समूह/सहकारी संस्थाको बैठकको निर्णय प्रतिलिपि ।

६. समूह/सहकारीको गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

७. कृषक समूह/सहकारी संस्थाको स्थायी लेखा नं. को प्रतिलिपि।

८. समूहको गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

९. सम्बिन्धत वडा कार्यालयको सिफारिस पत्र ।

२०७९/१०/२०

दशरथ राई

प्रमुख प्रशासकीय अधिकृत